Education
Public Schools

Safe Bus Travel




# सडक सुरक्षा जानकारी

**तपाईंका बालबालिका विद्यालय जाँदा र फर्कदा उनीहरुको सुरक्षा तपाईंको जिम्मेवारी हो।**

## सुरक्षित बस यात्रा

बच्चालाई चोटपटक लाग्नसक्ने जोखिम सबभन्दा बढी बसबाट ओर्लिने बित्तिकै हुन्छ।

**जोखिम घटाउनः**

- तपाईंको बालबालिकालाई बस बिसौनीमा भेट्नुहोस् – सडकको विपरीत दिशामा कदापि नभेट्नुहोस्
- बस बिसौनीमा तपाईंको बालबालिकाको हात समाउनुहोस्
- बस कुरिरहेको बेलामा सडकको छेउभन्दा केही कदम पछाडि उभिनुहोस्
- बस नगएसम्म पर्खिरहनुहोस्, अनि बाटो पार गर्नलाई सुरक्षित स्थान छान्नुहोस्।

**तपाईंको बालबालिकालाई बाटो काट्नका लागि निम्न सुरक्षित स्थान खोज्न सहयोग गर्नुहोस् जस्तैः**

- पैदलयात्रीहरुको बाटो पार गर्ने ठाउँमा वा ट्राफिक बत्तीमा, यदि उपलब्ध भएमा
- सबै गाडीहरु देखिने सडकको एउटा खुल्ला ठाउँमा।

यदि तपाईं आफ्ना बालबालिकासँग हुन सक्नुहुन्न भने बस बिसौनीमा एक जना विश्वासिलो वयस्कलाई बालबालिकासँग भेट्ने बन्दोबस्त मिलाउनुहोस्।




**थप सहायताका लागि**

विभागको सडक सुरक्षा शिक्षा कार्यक्रम बारे निम्न वेबसाइटमा जानुहोस् https://education.nsw.gov.au/road-safety-education वा हेर्नुहोस्

https://education.nsw.gov.au र सडक सुरक्षा शिक्षा खोज्नुहोस्।